**मिति २०८०।११।२४ गते बसेको निस्दी गाउँपालिकाको ५४ औँ गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१. गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. ११४ औ अन्तराष्ट्रिय नारी दिवश मनाउने सम्वन्धमा ।

३. उत्कृष्ठ छात्रवृति छनौट सम्वन्धमा ।

४. लक्षित वर्ग अन्तरगत दलितको कार्यक्रम संचालन सम्वन्धमा ।

५. अन्तरपालिका अनुभब आदान प्रदान कार्यक्रम संचालन सम्वन्धमा ।

६. रकम भूक्तानी सम्वन्धमा ।

७. खरिद सम्वन्धमा ।

८. रोजगार संवाद मञ्च (संचालन तथा व्यवस्थापन कार्यविधि २०८० ) सम्वन्धमा ।

CS CamScanner

**मिति २०८०।११।२४ गते बसेको निस्दी गाउँपालिकाको ५४ औँ गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा ११४ औ अन्तराष्ट्रिय नारि दिवश प्रत्येक वडामा महिला समन्वय समिति मार्फत वढि वढिमा २० हजार सम्मको परिधि भित्र रहि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा लक्षित वर्ग अन्तरगत महिला शिर्षकमा रहेको रकमवाट गाउँपालिका भरिका १२ कक्षा पास छात्राहरु मध्ये उत्कृष्ठ अंक प्राप्त गर्ने पुष्पा वि. क लाइ जेहेनदार छात्रवृति प्रदान गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा लक्षित वर्ग अन्तरगत दलितको लागी विनियोजित ५ लाखबाट दलित समन्वय समितिको प्रस्तावना बमोजिम वेल्डिङ्ग सम्वन्धि तालिम संचालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा चालु आ व को स्वीकृत कार्यक्रम अन्तरपालिका अनुभव आदान प्रदान र अवलोकन भ्रमण मिति २०८०।१२।०८ गते देखी २०८०।१२।१३ गते सम्मका लागी गाउँ कार्यपालिका सदस्यहरु र शाखा प्रमुखहरुको टिम पश्चिम नेपालका गाउँपालिकाहरुको अनुभव आदान प्रदान गर्ने र अन्त्यमा रारा ताल सम्मको अवलोकन भ्रमण गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा शेफ हाउसको लागी रु ७५ हजार निस्दी कृषि तथा पशु उधमशिलता परियोजना वाट रकमान्तर गरि भूक्तानी गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा वडा कार्यालय र गाउँकार्यपालिकाको कार्यालय लाइ माग भइ आएको आवश्यक मेसिनरी र फर्निचरजन्य सामाग्रीहरुको खरिद प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम लाइ सहभागीतामूलक र प्रभावकारी वनाउनका लागी रोजगार संवाद मञ्च (संचालन तथा व्यवस्थापन कार्यविधि २०८० )पारित गर्ने निर्णय गरियो ।

८०।११।२४
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

CS CamScanner